# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

### आर्थिक वर्ष २०८१।०८२ का लागि पार्किङ्ग शुल्क उठाउने कार्यको सिलबन्दी दरभाउ-पत्र आव्हान सम्बन्धी सूचना
### (तेस्रो पटक प्रकाशित मितिः २०८१।०५।०४)

बेसीशहर नगरपालिका वडा नं. ७ स्थित सहजी बसपार्कमा पार्किङ शुल्क उठाउने कार्यको लागि सिलबन्दी दरभाउ-पत्र बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रकृया पुरा गरेका इच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुले दर्ताको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७९/०८० को कर चुक्ताको प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउ-पत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो तेस्रो पटक ७ दिनको सूचना प्रकाशन गरिएको गरिएको छ । अन्य थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**सिलबन्दी दरभाउ-पत्रको विवरणः**

| सि. न. | सूचना नं./ सिलबन्दी दरभाउ-पत्र नं. | सिलबन्दी दरभाउ-पत्रको नाम | संकलन क्षेत्र/ वडा नं. | न्यूनतम सिलबन्दी दरभाउ-पत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | सिलबन्दी दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | Besishaharmun/ Revenue/SQ/ 081/82/12 | सहजी बसपार्कमा पार्किङ्ग शुल्क उठाउने कार्य | वडा नं. ७ | २,५०,०००। | १,०००। |

**<u>शर्तहरुः</u>**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९।८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सिलबन्दी दरभाउ-पत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ग-१-१ ३०४०१००३०१०१०००२ मा नगद जम्मा गरी यो सूचना प्रकाशन भएको मितिले ८ औं दिनको दिउँसो १२:०० बजे भित्र (मितिः २०८१।०५।१२) यस कार्यालयमा पेश गर्न सक्ने व्यवस्था छ । तोकिएको सिलबन्दी दरभाउ-पत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई सिलबन्दी दरभाउ-पत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । सिलबन्दी

चेतनाथ ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

दरभाउ-पत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. सिलबन्दी दरभाउ-पत्र सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । सिलबन्दी दरभाउ-पत्र को मान्य अवधि बोलपत्र खोलिने मितिबाट ४५ दिनको हुनुपर्नेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा सिलबन्दी दरभाउ-पत्र नं. र नाम उल्लेख गरी सिलबन्दी दरभाउ-पत्र खोलिने मितिबाट ७५ दिनको म्याद सहित जारी गरिएको विड बण्ड साथ पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी दरभाउ-पत्र फाराममा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउ-पत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, सिलबन्दी दरभाउ-पत्र विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:०० बजे भित्र (मितिः २०८१।०५।१२) यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

४. रितपूर्वक पर्न आएका सिलबन्दी दरभाउ-पत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको (मितिः २०८१।०५।१२) १:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि सिलबन्दी दरभाउ-पत्र खोल्ने समयमा उपस्थित नभएमा पनि सिलबन्दी दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. सिलबन्दी दरभाउ-पत्र सम्बन्धी विस्तृत जानकारी सिलबन्दी दरभाउ-पत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । रीत नपुगी वा शर्तसहित पेश हुन आएका सिलबन्दी दरभाउ-पत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । सिलबन्दी दरभाउ-पत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. प्रचलित नियमानुसार कालो सुचीमा परेका र नगरपालिकालाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुले पेश गरेका सिलबन्दी दरभाउ-पत्र फाराम उपर कुनै कारवाही हुने छैन ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

७. सिलबन्दी दरभाउ-पत्र स्वीकृत भएमा सोको सूचना पाएको वा सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको सम्पुर्ण रकम र आफुले कबोल गरेको अंकको नियमानुसार थप १३ % भ्याट रकम र आयकर तथा अन्य तिर्नु बुझाउनु पर्ने रकम र करहरु समेत यस कार्यालयमा जम्मा गरी सम्झौताका लागि उपस्थित हुनुपर्नेछ ।

८. तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउ-पत्र पेश भएको बखत राखिएको धरौटी रकम (विड वण्ड) जफत गरी नियमानुसार सिलबन्दी दरभाउ-पत्र बन्दोवस्त गरिनेछ ।

९. यस सुचनामा उल्लेख भएका शर्तहरु ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन् । यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ । अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. सम्झौता अवधी सिलबन्दी दरभाउ- पत्र स्वीकृत भई सम्बन्धित फर्म वा व्यक्ति सँग कार्यालयले गरेको सम्झौतामा उल्लेख गरेको अवधि अनुसार हुनेछ ।

११. पार्किङ्ग शुल्क सम्बन्धी विभिन्न सवारी साधनहरुको दररेट बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम हुनेछ ।

१२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनहरु यस सम्झौताको लागि अभिन्न अंग मानिनेछ ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ तथा यस कार्यालयको वेवसाइट www.besishaharmunicipality.gov.np मा हेर्न सकिनेछ ।)

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत



बेसीशहर, लमजुङ, नेपाल। फोन नं. +९७७ - ५२०१५० ।Website : besishaharmun.gov.np Email: besishaharmunicipality@gmail.com

# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

## सिलबन्दी दरभाउ-पत्र फाराम

**सिलबन्दी दरभाउ-पत्रको नामः** सहजी बसपार्कमा पार्किङ्ग शुल्क उठाउने कार्य

**संकलन क्षेत्र/वडा नः** वडा नं. ७

स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८१ ले तोकेअनुसार नगरपालिका वडा नं. ७ मा रहेको सहजी बसपार्कबाट पार्किङ शुल्क उठाउने कार्यको लागि मिति २०८१।०५।०४ मा तेस्रो पटक प्रकाशित सूचना अनुसारको सिलबन्दी दरभाउ-पत्र फाराम ।

सिलबन्दी दरभाउ-पत्रको विवरणः

| सि. न. | सूचना नं./ सिलबन्दी दरभाउ-पत्र नं. | सिलबन्दी दरभाउ-पत्रको नाम | संकलन क्षेत्र/ वडा नं. | न्यूनतम सिलबन्दी दरभाउ-पत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | सिलबन्दी दरभाउ-पत्रदाताले कबोल गरेको रकम (रु.) | | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | |
| १ | Besishaharmun/ Revenue/SQ/ 081/82/12 | सहजी बसपार्कमा पार्किङ्ग शुल्क उठाउने कार्य | वडा नं. ७ | २,५०,०००। | | | |

**सिलबन्दी दरभाउ-पत्रदाताको विवरणः**

नाम, थरः-

फर्मको नामः

ठेगानाः

फोन नः

मोवाइल नः

दस्तखतः

फर्मको छापः

**संलग्न कागजात (चिन्ह लगाउने)**

१) नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी थान १

२) फर्म दर्ता र नविकरणको प्रमाणित प्रतिलिपी थान १

३) मु.अ.कर दर्ताको प्रमाणित प्रतिलिपी थान १

४) आ.व.२०७९।८० को कर चुक्ताको प्रमाणित प्रतिलिपी थान १

५) सिलबन्दी दरभाउ-पत्र फाराम दस्तुर बापत बुझाएको रसिद प्रमाणित प्रतिलिपी थान १

६) धरौटी रकम बापत बुझाएको रसिदको प्रमाणित वा बैंक ग्यारेन्टी (विड वण्ड) थान १

७) शर्त बमोजिमका अन्य आवश्यक कागजातहरु